## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०२/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, घोराही दाङका तत्कालीन निमित्त डिभिजन प्रमुख भोला प्रसाद थापा समेत ७ जना मु.नं (०८२-CR-००५०) फैसला मिति २०८२/११/१४ | सरकारी सार्वजनिक सम्पत्तिको हिनामिना, हानी नोक्सानी गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्गका तत्कालीन कार्यालय प्रमुख भोला प्रसाद थापालाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर हुन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्गमा कार्यरत तत्कालीन ईन्जिनियर बसन्त कुमार दुलाललाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ वमोजिमको कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर हुन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्गमा कार्यरत तत्कालीन सब ईन्जिनियर नुतन आचार्यलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७को कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुले अनुसन्धानका क्रममा गरेको वयानमा वार्षिक स्वीकृत कार्यक्रम अनुसार भएको E-Bidding मार्फत दुईवटा फर्मको Bid परेको, दियालो र जयकाली फर्मसंग आफ्नो ड्रिलिङ्ग मेसिन भएमा काम छिटोछरितो हुने र जनतालाई छिटो भन्दा छिटो सहज रुपमा पानी आपूर्ती हुन्छ भनि संझौता गरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को दफा २४ बमोजिम शर्त राख्न सकिने प्रावधान बमोजिम शर्त राखिएको, सो कुरा Bidding Document मा समेत उल्लेख गरेको, हाल कार्य सम्पन्न भैसकेको भनी कसूरमा इन्कार भई बयान गरेको देखिएको।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (१) उपदफा (२) उपदफा (५) को कानूनी व्यवस्था हेर्दा आयोजनाका लागि सम्बन्धित सार्वजनिक निकाय अर्थात् श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गले बोलपत्र आह्वान गर्दा योग्यता निर्धारण गर्न सक्ने नै देखिएको।<br>• सम्वन्धित आयोजनाको कामका लागि समेत उपकरणको सुनिश्चितता खोजिनुलाई वदनियत मात्र सकिने वस्तुनिष्ठ आधार वादी पक्षबाट देखाउन सकेको पाइदैन, न त सो कार्यमा प्रतिवादीहरुका बिचको मिलेमतो देखिने आधार नै खुलाउन सकेको अवस्था छ। प्रस्तुत मुद्दामा भ्रष्टाचारजन्य कसूर | • खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गले आह्वान गरेको बोलपत्र नं WSSDO/Dang/NCB/Works/11/080/081 Construction of Deep Tube well in Harigaun water supply & Sanitation project Dang को ठेक्का योजनामा अनियमितता भएको भन्ने समेत ब्यहोराको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा मिशिल संलग्न संकलित उजुरी निवेदन, बोलपत्रका कागजात, लागत अनुमान, बोलपत्र आह्वानको सूचना, बोलपत्र मूल्याँकन समितिको निर्णय, खरिद सम्झौता तथा कार्यादेश, कार्य सम्पन्न गर्ने अवधी, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्गको राय प्रतिकृया, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा कार्यरत तत्कालीन कार्यालय प्रमुख भोला प्रसाद थापा, तत्कालीन ईन्जिनियर बसन्त कुमार दुलाल, तत्कालीन लेखापाल मनोज विष्ट, तत्कालीन सब-ईन्जिनियर नुतन आचार्य, मुल्यॉंकन समितिका तत्कालीन सदस्य अधिकृत छैटौ माधव प्रसाद तिमिल्सेना, तत्कालीन सब-ईन्जिनियर विनोद बुढामगर र जय काली ड्रिलिङ्ग कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि काठमाण्डौको प्रवन्ध निर्देशक श्री शेखर शर्मा समेतले गरेको वयान कागज समेत प्रमाण कागजातहरु हेर्दा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ्गले आ.व २०८०/०८१ मा Construction of Deep Tubwell in Harigaun water supply and sanitation project dang आयोजना सँचालनको लागि रु. ३०,६३,२३७.७५(भ्याट+कन्टिन्जेन्सी) बराबरको लागत अनुमान स्वीकृत गरि खरिद प्रकृया अगाडी बढाई मिति २०८०/०९/२० मा E-Bid मार्फत बोलपत्र आह्वानको सूचनाको बुँदा नं ५ मा बोलपत्र खरिद गर्दा ड्रिलिङ्ग मेसिन भएको स्वामित्वपत्र (प्रज्ञापनपत्र) पेश गर्नुपर्नेछ भन्ने शर्त तोकेको देखिन्छ। उक्त आयोजना संचालन गर्न तयार गरिएको Standard Bid Document को Section 3 को 2.10 – Other eligibility अन्तर्गत Bidder should have their own pragyapan patra of drilling machine भनी योग्यता निर्धारण समेत गरेको देखिन्छ । सार्वजनिक निकाय खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गमा कार्यरत राष्ट्रसेवक यि प्रतिबादीहरूले डिप बोरिङ गर्ने कार्यलाई विशेष प्रकृतिको कार्य जटिल वा विशेष प्रकृतिको हो भनी कुनै निर्णय नगरी, BID Document को SECTION III Evaluation and Eligibility Criteria को २.१० मा Other Eligibility: Additional requirements मा Bidder should have their own pragyapanpatra of drilling machine उल्लेख गरेको, सार्वजनिक खरिद अनुगमन कार्यालयको नमूना बोलपत्र कागजातको Section III को २ः Eligibility, २.१०ः Other Eligibility: Additional Requirements मा बोलपत्रदाता सो बोलपत्रमा भाग लिन योग्य हुने/नहुने सम्बन्धमा सार्वजनिक निकायबाट योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिष्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धी उपस्थितिको लेखाजोखा भएको सुनिश्चित गर्नुपर्नेमा (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ (२(ग)) सो कार्यालयबाट सो सम्बन्धी कुनै पनि कार्य प्रकृया पूरा नगरी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, दाङले Deep tubewell निर्माण कार्यको लागि योग्यता निर्धारण बोलपत्र कागजातको Section III को २ः Eligibility, २.१०ः Other Eligibility: Additional Requirements मा सीमित बोलपत्रदाता मात्र सो बोलपत्रमा भाग लिन योग्य हुने गरी "Bidder should have their own PragyapanPatra of Drilling Machine" भन्ने योग्यताको आधार थप गर्नु सार्वजनिक खरिद ऐन, नियमावलीको प्रतिस्पर्धा सीमित गर्न नहुने प्रावधान बिपरीतको कार्य भएको देखिन्छ।बोलपत्रदाताको योग्यता निर्धारण गर्दा समेत बोलपत्रदाताको सो सम्बन्धी कार्यानुभव, मेसिनको उपलब्धता, दक्ष जनशक्ति सम्बन्धमा योग्यता निर्धारण गर्नुपर्नेमा ड्रिलिङ्ग मेसिन सम्बन्धी प्रज्ञापन पत्र हुनुपर्ने भनी Single Administrative Document (SAD) (प्रशासनिक कागजात) लाई बिशेष योग्यताको आधार मान्दा प्रतिस्पर्धा सीमित हुन गएको देखिन्छ।जसको कारणबाट २ वटा बिडरहरु मात्र प्रतिस्पर्धामा भाग लिन आएको र सो मा पनि भाडामा मेसिन लिएर डिप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर हुन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङमा कार्यरत तत्कालीन अधिकृत छैटौ माधव प्रसाद तिमिल्सेनालाइ** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) कायम गरी सोही ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर हुन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङमा कार्यरत तत्कालीन लेखापाल मनोज विष्ट**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) कायम गरी सोही ऐनको  दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर हुन समेत आरोप मागदावी लिईएको देखिन्छ।<br>• **जय काली ड्रिलिङ्ग्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि र सोका प्रवन्ध निर्देशक शेखर शर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही | भएको र त्यसमा यी प्रतिवादीहरुको संलग्नता रहेको भनी पुष्टि हुने आधार नदेखिदा प्रतिवादीलाई आरोप दावीबाट सफाई पाउने। | बोरिङ्गको कार्य गर्छु भन्ने बिडर दियालो ड्रिलिङ्ग प्रा.ली कीर्तिपुर-१० रु.१८,०३,२३०।४ (अक्षेरपि अठार लाख तीन हजार दुई सय तीस रुपैयाँ चार पैसा मात्र) लाई ड्रिलिङ्ग मेसिन प्रज्ञापनपत्र नभएको भनी मूल्याँकनबाट हटाई रु.२९,१५,०७४।६९ (अक्षेरपि उनान्तिस लाख पन्ध्र हजार चौहत्तर रुपैयाँ उनान्सत्तरी पैसा) बोलकबोल गर्ने जयकाली ड्रिलिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि नारायणटार-१३, काठमाण्डौंले पेश गरेको कबोल अंकलाई स्वीकार गरेको देखिन्छ। बोलपत्रदाताको योग्यता निर्धारण गर्न नपर्ने अवस्थामा पनि प्रतिस्पर्धालाई सीमित गर्ने मनसाय र कुनै निश्चित बोलपत्रदातालाई मात्र हुने गरी बोलपत्र कागजात तयार गर्दा सीमित बोलपत्रदाताको मात्र प्रस्ताव परेको र त्यसमध्ये पनि Single Administrative Document (SAD) (प्रशासनिक कागजात) लाई बिशेष योग्यताको अनिवार्य आधार मानी मूल्याँकन गर्दा दियालो ड्रिलिङ्ग प्रा.ली कीर्तिपुर र जय काली ड्रिलिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि नारायणटारको कबोल अंकको फरक रु. ११,११,८४४।२९ (अक्षेरपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनान्तीस पैसा) नेपाल सरकार एवं नेपाल सरकारको सार्बजनिक संस्था खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङलाई आर्थिक हानीनोक्सानी भई भ्रष्टाचार निवारण ऐन, २०५९  दफा १७ बमोजिमको कसुर भएको तथ्य पुष्टी भई रहेको देखिंदा देखिंदै सो तथ्य, प्रमाण एवं कानूनी व्यवस्था समेतलाई अन्यथा ब्याख्या गरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर योग्य छ।<br>• **प्रतिवादीहरुले कसूरमा ईन्कार भई बयान गरेतापनि** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गले आह्वान गरेको बोलपत्र नं WSSDO/Dang/NCB/Works/11/080/081 Construction of Deep Tube well in Harigaun water supply & Sanitation project Dang को ठेक्का योजनामा यि प्रतिवादीहरुले **खरिद पूर्वको तयारी चरणमाः** डिप बोरिङ गर्ने कार्य जटिल र विशेष प्रकृतिको कार्य हो भन्ने आधार र कारण खुलाई कार्यालयबाट कुनै पनि निर्णय गरेको नदेखिएको, के कस्तो शर्त राख्दा प्रतिस्पर्धा सिमित हुन सक्छ भन्ने कुराको पुर्वानुमान गरेको नदेखिएको, योग्यताका आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु एवं प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरेको नदेखिएको देखिन्छ। यसै गरि **बोलपत्र सम्बन्धी कागजात तयारी चरणमाः**आयोजना संचालनको लागि रु. ३०,६३,२३७।७५(भ्याट+कन्टिन्जेन्सी) बराबरको लागत अनुमान स्वीकृत गरी खरिद प्रकृया अगाडी बढाएको देखिदा यस प्रकारको खरिदका लागि Bidder should Have their Own Pragyapanpatra of Drilling Machine भन्ने योग्यता राखि शुरु देखिनै सार्वजनिक निकायका राष्ट्रसेवकसँग पहिले देखि सम्वन्ध सम्पर्क भएको र Drilling Machine आफ्नै भएको लक्षित पक्षलाई ठेक्का दिने वदनियतपूर्ण पूर्वनियोजित योजना अनुसार बोलपत्रदाताको शर्त तोकेको देखिएको, दुई करोड भन्दा कम लागत अनुमान भएको कार्यमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० (५) बमोजिम योग्यता निर्धारण गर्न नपाईने भन्ने कानूनी व्यवस्था विपरीत जानी बुझी उक्त व्यवस्थाको बर्खिलापमा बिडरको योग्यता निर्धारण गरेको देखिएको, योग्यता निर्धारण गर्दा Single Administrative Document (Bidder should have their own pragyapanpatra of drilling Machine) लाई योग्यताको प्रमुख आधार बनाई प्रतिस्पर्धालाई सीमित बनाएको देखिएको, बोलपत्रमा बोलपत्रदाता जय काली ड्रिलिङ्ग्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि लाई मिल्ने गरी योग्यताको निर्धारण तथा शर्त राखेको प्रष्टै देखिन्छ। **बोलपत्र मूल्याङ्कन चरणमाः** प्रतिस्पर्धा सिमित हुन्छ भन्ने कुरा जानी जानी बिड डकुमेन्टको SECTION III को २.१० Other Eligibility अन्तरगत Bidder should Have their Own Pragyapanpatra of Drilling Machine भन्ने योग्यतालाई अनिवार्य शर्तको रुपमा राखिएको, सोही आधारमा जय काली ड्रिलिङ्ग्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.लाई सारभूत रुपमा प्रभावग्राही भनी मूल्याँकन गरेको देखिएको, प्रतिस्पर्धिहरु सबैले आफ्ना चासो राख्ने र विरोध गर्ने कुरा थाहा जानकारी पाई जानी बुझी वदनियतपूर्वक प्रि-बिड बैठक राखेको नदेखिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ (७) बमोजिमको अधिकार प्रयोग गरी मूल्याँकन गर्नुपर्नेमा कानून बिपरीत राखिएको प्रावधान अनुसार मूल्याङ्कन गरेको देखिन्छ। **बोलपत्र मूल्याङ्कन पश्चातको चरणमा** आशयको सूचना प्रदेश टुडे दैनिक पत्रिका प्रदेश स्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐनको दफा १७ले निर्देश गरे बमोजिम बिगो रू. ११,११,८४४।२९ (अक्षरेपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम मूल कसूरदारलाई हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक बाक्यांश बमोजिम मूल कसूरदारलाई सरह सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो रू ११,११,८४४।२९ (अक्षरेपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर हुन समेतको मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने ठहर गरी भएको फैसला भएको देखिन्छ। | | (ख) बर्गको पत्रिकामा प्रकाशन गरेको, बोलपत्र मूल्याँकनमा प्रभावग्राही नदेखिएको विषयमा सबैभन्दा कममा प्रस्ताव गर्ने बोलपत्रदातालाई जानकारी नगराएको, बोलपत्रमा दुई वटा मध्ये प्रस्तावक जय काली ड्रिलिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. नारायणटार-१३ गोकर्णेश्वरले रु. २९,१५,०७४।६९ (अक्षरेपि उनान्तिस लाख पन्ध्र हजार चौहत्तर रुपैयाँ उनान्सत्तरी पैसा) प्रस्ताव गरेको देखिन्छ। दियालो ड्रिलिङ्ग प्रा.ली कीर्तिपुर-१० काठमाण्डौंले रु. १८,०३,२३०।०४ (अक्षरेपि अठार लाख तीन हजार दुई सय तीस रुपैयाँ चार पैसा मात्र) प्रस्ताव गरेको देखिंदा देखिंदै जय काली ड्रिलिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि नारायणटार-१३ ले भन्दा दियालो ड्रिलिङ्ग प्रा.ली कीर्तिपुरले रु. ११,११,८४४।२९ (अक्षरेपि एघार लाख एघार हजार आठ सय चवालिस उन्नतिस पैसा) कममा प्रस्ताव गरेको र जय काली ड्रिलिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि सँग २ वटा ड्रिलिङ्ग मेसिन आफ्नै स्वामित्वमा रहेको भन्ने मात्र आधारमा दियालो ड्रिलिङ्ग प्रा.लि. सँग एउटा ड्रिलिङ्ग मेसिन भाडामा रहेको भनी उल्लेख गर्दा गर्दै बढी कबोल गर्ने बोलपत्रदातालाई सारभूत रुपमा प्रभावग्राही भनी मूल्याङ्कन गरेको देखिन्छ। प्रतिवादीहरुको पूर्वनियोजित योजना तथा बदनियतबाट बोलपत्रमा सूचनामा ड्रिलिङ्ग मेसिन भएको स्वामित्वपत्र (प्रज्ञापनपत्र) पेश गर्नुपर्नेछ भन्ने ब्यवस्था सूचनामा समावेश गरेको र सोही अनुसार प्रतिस्पर्धा सिमित गरि मुल्यांकन गर्दा नेपाल सरकारको रु.११,११,८४४।२९ (अक्षरेपि एघार लाख एघार हजार आठ सय चवालिस रुपैयाँ उन्नतिस पैसा) हिनामिना हानिनोक्सानी भएको तथ्य स्थापित भई रहेको देखिंदा देखिंदै सो तथ्य प्रमाणको सुक्ष्म विश्लेषण नगरि, प्रतिवादीहरुको कार्यतत्वबाट नै बदनियततत्व पहिचान हुने सर्वोच्च अदालत बुलेटिन, बर्ष १८ अंक १५ मंसिर २०६६, पुर्णांङ्क ४१७ पृष्ठ १९ सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको मुद्दामा प्रतिपादित सिद्धान्त समेतको विपरित गई प्रतिवादीको बदनियतपुर्ण कार्यतत्व र सोबाट प्रमाणित भई रहेको मनसाय तत्वको विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाइ हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरयोग्य छ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(५) वमोजिम योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैया सम्मको लागत अनुमान भन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गरिने छैन भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। यि प्रतिवादीहरुले उक्त कानूनी व्यवस्था अनुसारउक्त खरिद कार्यमा योग्यता निर्धारण आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरि निर्णय गरेको देखिंदैन। उक्त कानूनी व्यवस्थाको प्रतिकूल यि प्रतिवादीहरुले Deep tubewell निर्माण कार्यको लागि योग्यता निर्धारण बोलपत्र कागजातको Section III को २: Eligibility, २.१०: Other Eligibility: Additional Requirements मा सीमित बोलपत्रदाता मात्र सो बोलपत्रमा भाग लिन योग्य हुने गरी "Bidder should have their own PragyapanPatra of Drilling Machine" भन्ने योग्यता राखि मिलेमतोमा बदनियतपुर्बक रु. १८,०३,२३०।०४ (अक्षरेपि अठार लाख तीन हजार दुई सय तीस रुपैयाँ चार पैसा मात्र) कबोल गर्ने प्रस्तावदाता दियालो ड्रिलिङ्ग प्रा.ली कीर्तिपुर-१० काठमाण्डौंलाई मुल्यांकनको चरण मै असफल बनाई सो भन्दा रु. ११,११,८४४।२९ (अक्षरेपि एघार लाख एघार हजार आठ सय चवालिस उन्नतिस बढी अर्थात रु. २९,१५,०७४।६९ (अक्षरेपि उनान्तिस लाख पन्ध्र हजार चौहत्तर रुपैयाँ उनान्सत्तरी पैसा) कबोल गर्ने प्रस्तावदाता जय काली ड्रिलिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि नारायणटार-१३ लाई सारभूत रुपमा प्रभावग्राही भनी मूल्याङ्कन गरी सम्झौता गर्ने कार्य स्वयंमा बदनियतपुर्ण देखिंदा देखिंदै सो तथ्यलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• , डिप ट्युबेल (Deep Tubewell) निर्माण कार्यमा विशेषतः पानीको स्रोतको गहिराइ पहिचान, भूगर्भीय अवस्था विश्लेषण, उपयुक्त स्थान छनोट, तथा Drilling Rig Machine जस्ता विशेष उपकरण र दक्ष प्राविधिकको आवश्यकता पर्ने हुँदा यस्तो कार्यलाई विशेष ज्ञान, प्रविधि र अनुभव आवश्यक पर्ने श्रेणीमा राख्न सकिन्छ। सम्बन्धित सार्वजनिक निकायले वस्तुगत आधारमा निर्णय गरेको अवस्थामा डिप बोरिङ कार्यलाई "विशेष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रकृतिको कार्य" मात्र सकिने हुन्छ तर, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, दाङले बोलपत्र कागजातमा "Bidder should have their own Pragyapan Patra of Drilling Machine" भनी अतिरिक्त योग्यता निर्धारण गर्ने कार्यले प्रतिस्पर्धा सीमित हुन सक्छ। बोलपत्र कागजातमा तोकिएको त्यस्तो योग्यता वस्तुगत, उचित र प्रतिस्पर्धामैत्री हुनुपर्छ। यस सन्दर्भमा, ड्रिलिङ मेसिन स्वामित्वमै हुनुपर्ने (own Pragyapan Patra) भन्ने सर्तले बजारमा रहेका सम्भावित प्रतिस्पर्धीहरूलाई सीमित गर्ने जोखिम देखिन्छ, किनकि यस्ता उपकरण भाडा, लिज वा अन्य व्यवसायिक माध्यमबाट पनि उपलब्ध हुन सक्ने अवस्था हुन्छ। यस्तो अवस्थामा स्वामित्व अनिवार्य गर्ने सर्तले समान अवसरको सिद्धान्त र प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सार्वजनिक खरिद ऐन तथा नियमावलीको मर्मसँग मेल नखाने देखिन्छ भनि सार्वजनिक खरिद परामर्श कार्यटोलीले पेश गरेको रायबाट प्रतिवादीहरुको बदनियतपुर्ण कार्य पुष्टि भई रहेको अवस्थामा उक्त बिज्ञको रायलाई प्रमाणमा ग्रहण नगरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० ले मूलतः बोलपत्रदाता वा प्रस्तावदाताले खरिद सम्झौता प्राप्त गर्न निश्चित योग्यता पूरा गरेको हुनुपर्ने भनी व्यवस्था गरी सोको उपदफा (१) को देहाय (क) मा बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार वा खरिदको लागि पूर्व योग्यता निर्धारणको कारबाही चलाइएकोमा पूर्व योग्यता सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार र देहाय (ख) मा प्रस्तावदाताले प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित योग्यताका आधार भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ। सोही दफा १० को उपदफा (५) ले यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैयासम्मको लागत अनुमान भन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिदमा योग्यता निर्धारण गरिने छैन भन्ने व्यवस्था गरेको देखिन्छ। सोही दफा १० को उपदफा (२) मा उपदफा (१) बमोजिम बोलपत्र सम्वन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता, उपकरणको उपलब्धता, विगतको कार्य सम्पादन, विक्रीपछिको सेवाको व्यवस्था, जगेडा पार्टपूर्जाको उपलब्धता, कानूनी सक्षमता, वित्तीय स्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु उल्लेख गर्न सकिनेछ भनी व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाले प्रस्तुत मुद्दासँग सम्बन्धित आयोजनाका लागि सम्बन्धित सार्वजनिक निकाय अर्थात् श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दाङ्गले बोलपत्र आह्वान गर्दा योग्यता निर्धारण गर्न सक्ने देखिन्छ भनी बिशेष अदालतले उपदफा (५) को कानूनी व्यवस्थालाई गौण राखी उपदफा २ लाई आधार लिइ गरेको फैसला त्रुटीपुर्ण देखिन्छ। उपदफा (५) ले यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि...भन्नाले त्यस उपदफालाई प्रतिबन्धात्मक वाक्यांश (Proviso Clause) को व्यबस्था राखेको देखिन्छ। उक्त उपदफा (५) लाई उपदफा (१) देखि (४) को कानुनी व्यवस्थाहरुलाई हेर्दै गर्दा उपदफा ५ को कानुनी व्यवस्थालाई प्रतिस्थापन गर्न मिल्ने होइन भन्न अर्थ हो। प्रस्तुत मुद्दामा रहेको आयोजनाको कुल लागत अनुमान रु.३०,६३,२३७।७५ (भ्याट कन्टिन्जेन्सी सहित) रहेको जुन आयोजना उपदफा (५) मा तोकिएको दुई करोड रुपैयाँ भन्दा कम लागत अनुमान भएको आयोजना रहेको छ। यस्ता आयोजनाको लागि निर्माण कार्य खरिदमा योग्यता निर्धारण गरिने छैन भन्ने स्पष्ट कानुनी व्यवस्था रहेको देखिदा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, दाङले उक्त योजनाको बोलपत्र कागजातमा "Bidder should have their own Pragyapan Patra of Drilling Machine" भनी अतिरिक्त योग्यता निर्धारण गर्ने कार्यले प्रतिस्पर्धा सीमित तथ्यलाई अनदेखा गरि प्रतिवादीहरुलाई सफाई हुने ठहर गरि भएको फैसला कानुन व्याख्या सम्बन्धी सिद्धान्तको रोहमा त्रुटिपुर्ण देखिंदा बदर योग्य छ।<br>• प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा मिति २०८२/०६/२८ गते राय पेश गर्ने सार्वजनिक खरिद परामर्श कार्यटोली सदस्य सीता शर्मा पौडेलले अदालतमा बकपत्र गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नियम २६(१)(च) अनुसार बोलपत्रदाताले उपकरण आफ्नै स्वामित्वमा नभए पनि भाडा, लिज वा अन्य माध्यमबाट उपलब्ध गराउन सक्ने व्यवस्था स्पष्ट रहेको, “आफ्नै प्रज्ञापनपत्र भएको ड्रिलिङ मेसिन अनिवार्य” भन्ने शर्त राखु कानूनविपरीत भई प्रतिस्पर्धा सीमित गर्ने उद्देश्ययुक्त देखिएको, र बोलपत्र सूचना तथा बिड डकुमेन्ट नै कानूनी व्यवस्थाको प्रतिकूल तयार गरिएको भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ। सोही सार्वजनिक खरिद परामर्श कार्यटोलीका पद्म कुमार मैनालीले अदालतमा बकपत्र गर्दा गलत मापदण्ड (Criteria) राखिएको कारण मूल्याङ्कन प्रक्रिया नै त्रुटिपूर्ण भएको, विशेष गरी, ड्रिलिङ मेसिनको प्रज्ञापनपत्र माग्नु कार्यको गुणस्तर वा प्रविधिसँग प्रत्यक्ष सम्बन्धित नभएको, “विशेष प्रकृति” को नाममा राखिएको शर्त प्राविधिक रूपमा उचित नभएको र सो कार्यवाट प्रतिस्पर्धा संकुचित गरेको भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिन्छ। सोही  सार्वजनिक खरिद परामर्श कार्यटोलीका शिला भण्डारीले र प्रदीपमणि निरौलाले बकपत्र गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६(४) अनुसार “विशेष वा जटिल प्रकृतिको काम” को परिभाषा सीमित र स्पष्ट रहेको बताउनुभएको छ (जस्तैः पुल, सुरुङ, विद्युत गृह आदि)। डिप बोरिङ्ग कार्यलाई यस्तो विशेष प्रकृतिको रूपमा मान्न सम्बन्धित सार्वजनिक निकायबाट औपचारिक निर्णय हुनुपर्नेमा त्यस्तो निर्णय नभएको र उक्त कार्यलाई “विशेष प्रकृति” भनी कडाइका शर्त राखु उचित नभएको भनि अनुसन्धानको क्रममा पेश भएको रायलाई समर्थन हुने गरि बकपत्र गरि दिएको हुँदा उक्त बकपत्रहरुलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी प्रतिवादीलाई आरोप दाबी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने गरि भएको फैसला त्रुटीपुर्न देखिंदा बदर भागी छ।<br>• अतः उपरोक्त उल्लेखित आधार कारणहरु, कानूनी ब्यवस्था एवं नजिर सिन्द्धात समेतका आधारबाट प्रतिवादीहरु उपरको आरोप दावी पुष्टि भई रहेको अवस्थामा सो प्रमाणलाई नजरअन्दाज गरि प्रतिवादीहरु भोला प्रसाद थापा, बसन्त कुमार दुलाल, नुतन आचार्य, मनोज विष्ट, माधव प्रसाद तिमिल्सेनालाई तथा जयकाली ड्रिलिङ्गस कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.ली तथा उक्त प्रा.लिको प्रवन्ध निर्देशक शेखर शर्मालाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको शुरु विशेष अदालतको फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोपपत्र दावी बमोजिम सजाय गरी बिगो रू ११,११,८४४।२९ (अक्षेरेपि एघार लाख एघार हजार आठसय चवालिस रूपैया उनन्तीस पैसा) असुल उपर गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |